**बैठक नं. ५** (बैठक संख्या ६३)

आज मिति २०८१/०७/०४ गते बिहान ११ बजे गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथी छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिती :-</u>

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री विष्णु प्रसाद भण्डारी | |
| २ | उपाध्यक्ष | श्री राधा कुमारी श्रेष्ठ | |
| ३ | वडा अध्यक्ष १ | श्री ईश्वरी काफ्ले | |
| ४ | वडा अध्यक्ष २ | श्री चेत बहादुर सुनारी | |
| ५ | वडा अध्यक्ष ३ | श्री थमन बहादुर गाहा | |
| ६ | वडा अध्यक्ष ४ | श्री कृष्ण बहादुर रायमाझी | |
| ७ | वडा अध्यक्ष ५ | श्री खुमकान्त बस्याल | |
| ८ | सदस्य | श्री हिमा कुमारी सिंजाली | |
| ९ | सदस्य | श्री सरस्वती वि.क | |
| १० | सदस्य | श्री विमला जि.आर | |
| ११ | सदस्य | श्री नानु कुमारी गन्धर्व | |
| १२ | सदस्य | श्री भोज बहादुर वि.क. | |
| १३ | सदस्य | श्री नेत्र बहादुर वि.क. | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | श्री ठाकुर प्रसाद अर्याल | |
| १५. | अधिकृत दर्ता | श्री वीमला गिरी | |
| १६. | सूचना प्रविधि अधिकृत | श्री सुरज पाठक | |
| १७. | की.सी. | श्री गंगा ब. गाहा | |
| | | | |
| | | | |

मितिः २०८१/०७/०४

## निर्णयहरु

**निर्णय नं १**

**प्राप्त पत्रबारे जानकारी तथा गत बैठकको समिक्षा सम्बन्धमाः** विभिन्न कार्यालयबाट प्राप्त पत्रहरु पढीवाची सुनाउने कार्य सम्पन्न भयो साथै अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको समेत समिक्षा गरियो ।

**निर्णय नं २**

**औद्योगिक ग्राम सम्बन्धमाः** रम्भा गाउँपालिका वडा नं १ पन्टारमा निर्माणाधिन औद्योगिक ग्रामको निर्माण कार्यलाई निरन्तर रुपमा अगाडि बढाउने ।

**निर्णय नं ३**

**प्रधानमन्त्री रोजगार कार्यक्रमः** प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रम्भा गाउँपालिकाभित्रका सबै वडाहरुले २०८१ कार्तिक मसान्तभित्र आयोजना छनौट गरी गाउँपालिकामा पेश गर्ने ।

**निर्णय नं. ४**

**आर्थिक सहायता सम्बन्धमाः** यस गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने तपसिल बमोजिमका व्यक्तिहरुले प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारीस तथा बिरामी पूर्जा साथै अस्पतालको रिपोर्ट समेत संलग्न राखि आर्थिक सहायताको लागि निवेदन पेश गरेको हुदाँ निजहरुको अवस्था हेरी तपसिलको शिर्षकबाट तपसिल बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने ।

**तपसिल**

| क्र.सं. | निवेदकको नाम थर ठेगाना | निवेदन मिति | दर्ता मिति | विषय | सहयोग रकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| १ | बिष्णु कुमारी कुवँर पूर्वखोला गा पा ६ | २०८१/०४/२४ | २०८१/०४/३१ | छोरा जिवन कुवर रम्भा २ फोक्सिङकोटमा बाटोमा हिड्दै गर्दा करेन्ट लागि घाइते भएको हुदाँ उपचारको लागि | ७०००(अक्षेरपि सात हजार) | अन्य सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| २ | ध्रुव बहादुर पौडेल क्षेत्री रम्भा ३ | २०८१/०५/०४ | | गोठ पूर्णरुपमा क्षति भएको | ७५००(अक्षेरपि सात हजार पाँच सय) | विपद व्यवस्थापन |
| ३ | हुम बहादुर गाहा रम्भा ३ | २०८१/०७/०४ | | पहिरोले घर भान्सा र धारामा क्षति भएको | १००००(अक्षेरपि दश हजार) | विपद व्यवस्थापन |
| ४ | राम काजी के सी रम्भा ५ | २०८१/०७/०४ | | घर भत्की बस्न नमिल्ने भएको | १५०००(अक्षेरपि पन्ध्र हजार) | विपद व्यवस्थापन |
| ५ | विवेक बाह्रघरे रम्भा | २०८१/०७/०४ | | बाबु कारागार तथा आमा दोश्रो विवाह | ८०००(अक्षेरपि आठ हजार) | सामाजिक सुरक्षा/गरिब परिवार |

CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४ | | | गरी गएको हुदाँ निजको अध्ययन अगाडि बढाउन | | सहायता शिर्षक |
| ६ | विनिता सुर्यवंशी | | | आ.व. २०८०/०८१ मा निर्णय भई भुक्तानी बाँकी रहेको | ८०००(अक्षेरपि आठ हजार) | सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |
| ७ | तुल बहादुर वि क मुसिकोट नगरपालिका १ गुल्मी | २०८१/०७/०४ | | खुट्टाको उपचारको लागि | ८०००(अक्षेरपि आठ हजार) | सामाजिक सुरक्षा/गरिब परिवार सहायता शिर्षक |

निर्णय नं ५

<u>प्रस्तावना स्वीकृत तथा आर्थिक सहयोग सम्बन्धमा:</u> स्वास्थ्यका लागि खेलकुद भन्ने उद्देश्य स्वरुप रम्भा गाउँपालिका अन्तर्गत विभिन्न वडामा स्थापना भई संचालनमा रहेका विभिन्न संस्थाहरुले पेश गरेको तपसिल बमोजिमको प्रस्तावना स्वीकृत गरी तपसिल बमोजिमको रकम तपसिल बमोजिमको शिर्षकबाट भुक्तानी दिने ।

- रम्भा गाउँपालिका वडा नं. १ हुँगी भलिवल क्लबले पेश गरेको प्रस्तावना स्वीकृत गरी खेल संचालन तथा व्यवस्थापनको लागि १ नं वडा कार्यालयलाई सम्पूर्ण जिम्मेवारी प्रदान गर्दै रम्भा गाउँपालिका अध्यक्ष कप भलिवल खेलको लागि रु ३,००,०००। (अक्षेरपि तिन लाख) खेलकुद पालिकास्तरीय शिर्षकबाट व्यवस्था गर्ने ।
- पालिकास्तरीय ब्याडमिन्टन प्रतियोगिता संचालनको लागि सनराइज केन्द्र नेपाल रम्भा ३ पिपलटारीद्धारा पेश भएको प्रस्तावना स्वीकृत गर्दै उक्त खेल संचालनको लागि रु ५००००। (अक्षेरपि पचास हजार )छुटपुट चालु खर्च शिर्षकबाट व्यवस्था गर्ने ।
- महान चाड हरितालिका तिजको अवसरमा रम्भा गाउँपालिका वडा नं ३ को कालिका युवा क्लवद्धारा आयोजित गाउँपालिकास्तरिय पुरुष भलिबल प्रतियोगिताको लागि रु २५०००।(अक्षेरपि पच्चिस हजार) छुटपुट चालु खर्च शिर्षकबाट उपलब्ध गराउने ।
- राष्ट्रिय जनमोर्चा केन्द्रिय समितिको मुखपत्र जनसत्तामा गाउँपालिकाको घटना दर्ता बालविवाह सम्बन्धी सूचना प्रकाशन गरेबापत छुटपट चालु खर्च शिर्षकबाट रु १००००।(अक्षेरपि दश हजार) उपलब्ध गराउने ।

निर्णय नं ६

<u>रम्भादेवी सांस्कृतिक महोत्सव,२०८१ सम्बन्धमा:</u> रम्भा गाउँपालिका वडा नं ५ मा अवस्थित रम्भादेवि मन्दिरको ऐतिहासिक र धार्मिक महिमालाई उजागर गर्दै यस क्षेत्रलाई आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको केन्द्रको रुपमा स्थापित गर्ने उद्देश्यले सहयात्रा नेपालद्धारा आयोजित **रम्भादेवी सांस्कृतिक महोत्सव २०८१** मिति २०८१ भाद्र १० गते सम्पन्न भएको हुदाँ सहयोग स्वरुप रु २०००००।(अक्षेरपि दुई लाख ) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने ।

CS CamScanner

**निर्णय नं ७**

**नागरिक अभिनन्दन तथा सम्मान सहयोग सम्बन्धमाः** पूर्वी पाल्पाको ग्रामिण भेगमा बसेर तीन दशक भन्दा बढी समयसम्म विद्यालय तथा शैक्षिक संस्थाको स्तरोन्नतिको योगदान पुर्याउनुभएका जापानी वरिष्ठ समाजसेवी श्री काजुमासा काकिमी (ओ के बाजे) नागरिक अभिनन्दन तथा सम्मान कार्यक्रमका लागि रु ५००००(अक्षरेपि पचास हजार) जापानी वरिष्ठ समाजसेवी श्री काजुमासा काकिमी (ओ के बाजे) नागरिक अभिनन्दन तथा सम्मान कार्यक्रम मूल आयोजक समिति २०८१ लाई छुटपुट चालु खर्च शिर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं ८**

**प्रस्तावना स्वीकृत सम्बन्धमाः** म्याट्रिक्स ड्राइभिङ्ग ट्रेनिङ सेन्टर झेस्काङका प्रवन्ध निर्देशक श्री रेउत बहादुर रानाले पेश गरेको प्रस्ताव स्वीकृत गरी रम्भा गाउँपालिकाको व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यविधी,२०८१ बमोजिम व्यवसाय प्रवर्द्धनको लागि रु २५०००(अक्षरेपि पच्चिस हजार) ३ नं वडा कार्यालयद्धारा विनियोजित बजेटबाट उपलब्ध गराउने ।

**निर्णय नं ९**

**रकम भुक्तानी सम्बन्धमाः** रम्भा गाउँपालिकाका विभिन्न स्थानहरुको भौगोलिक सिमाना तथा मार्गहरुमा 2D Digital Board and Reflective Board जडान कार्य गर्दा लागेको खर्च रकम रु ४,०३,६३६।(अक्षरेपि चार लाख तिन हजार छ सय छत्तिस) छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं १०**

**उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम सम्बन्धमाः** रम्भा गाउँपालिकाको आ.व. २०८१/०८२ मा उपभोक्ता समितिबाट संचालन हुने विभिन्न योजनाहरु संचालन गर्नका लागि तपशिल बमोजिमको समय र स्थानमा उपभोक्ता समितिका पदाधिकारीलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।

तपशिलः

| क्र सं | वडा नं | स्थान | मिति | समय |
|---|---|---|---|---|
| १ | ३ र ४ | वडा कार्यालय | २०८१/०७/०९ | बिहान ११ बजे |
| २ | २ र ५ | वडा कार्यालय | २०८१/०७/१२ | बिहान ११ बजे |
| ३ | १ | वडा कार्यालय | २०८१/०७/१३ | बिहान ११ बजे |

**निर्णय नं ११**

**मौलो पूजाका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमाः** यस रम्भा गाउँपालिकाभित्रका प्रहरी चौकी पिपलडाँडा, प्रहरी चौकी हुँगी र प्रहरी चौकी ताँहुले परम्परादेखि गर्दै आएको मौला पूजा सम्पन्न गर्दा लागेको खर्च व्यवस्थापनको लागि प्रति प्रहरी चौकी रु ४,०००। (अक्षरेपि चार हजार)छूटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं १२**

रम्भा गाउँपालिकाभित्र लोप हुन लागेका विभिन्न संस्कृति संरक्षण गर्ने उद्देश्यले रम्भा गाउँपालिकाका तपसिल बमोजिमका वडामा तपसिल बमोजिमका संस्थाले भगवति जात्रा,रोपाई जात्रा,बाघ जात्रा,लाखे नाच संचालन गर्दा लागेको खर्च व्यवस्थापनको लागि तपसिल बमोजिमको रकम छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

CamScanner

**निर्णय नं १२**

रम्भा गाउँपालिकाभित्र लोप हुन लागेका विभिन्न संस्कृति संरक्षण गर्ने उद्देश्यले रम्भा गाउँपालिकाका तपसिल बमोजिमका वडामा तपसिल बमोजिमका संस्थाले भगवति जात्रा,रोपाई जात्रा,बाघ जात्रा,लाखे नाच संचालन गर्दा लागेको खर्च व्यवस्थापनको लागि तपसिल बमोजिमको रकम छुटपुट चालु खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल:**

| वडा नं | संस्था | रकम |
|---|---|---|
| ४ | हुमिन नेवा गुठी, रम्भा ४ | १०,०००।(अक्षेरपि दश हजार) |
| ५ | नेवा गुठी रम्भा,५ ताहुँ | १०,०००।(अक्षेरपि दश हजार) |

**निर्णय नं १३**

**कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम सम्बन्धमा:** रम्भा गाउँपालिका आफैले उत्पादित फलफूल तथा फलफूलको बोट बिरुवा विक्री,वीउ विजन तथा बेर्जा बिक्री,धान मकै गहुँ तथा अन्य खाद्यान्य विक्री साथै आफैले उत्पाद गरेका सामान बिक्री गरी प्राप्त हुने रकम प्रचलित बजार मुल्यमा नबढ्ने गरी संकलन गर्ने ।

**निर्णय नं १४**

**कार्यविधि स्वीकृत सम्बन्धमा:** रम्भा गाउँपालिकाको उद्यमशिलता र रोजगारी तथा खाद्य सुरक्षालाई सुनिश्चित गर्न कृषिको व्यवसायिकीकरण कार्यक्रम संचालन कार्यविधि,२०८१ स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

CamScanner